नेपाल सरकार

# संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

## (संघीय मामिला शाखा)

सिंहदरबार, काठमान्डौ ।

प.सं.२०७७/७८
च.नं. ४०

मिति २०७७।०८।०५

श्री स्थानीय तह (सबै) ।

**बिषयः सवारी दुर्घटना न्यूनीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. १४५८ मिति २०७७।०७।२७ को पत्रसाथ प्राप्त निर्णयको छाँयाप्रति यसैसाथ संलग्न छ । सो पत्रबाट थप व्यहोरा अवगत गर्नुभई सवारी दुर्घटनाको जोखिम न्यूनीकरणका लागि तहाँसँग सम्बन्धित क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

बन्दना कर्ण
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय, सिंहदरबार ।
श्री सुचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई Email मार्फत उपलब्ध गरिदिनुहुन ।

श्री सुचना प्रविधि शाखा
०७७।०८।०६

नेपाल सरकार

गृह मन्त्रालय

शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा

## सवारी दुर्घटना जोखिम न्यूनिकरण सम्बन्धी क्रियाकलाप तथा अनुगमन व्यवस्था

(श्रीमान् गृह सचिवस्तर मिति २०७७/०७/२४ को निर्णय बमोजिम)

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय/पदाधिकारी | अनुगमन सवम्बन्धी व्यवस्था |
|---|---|---|---|
| १ | • सवारी दुर्घटना जोखिम न्यूनीकरणका लागि जिल्लास्तरीय कार्यविधि (SoP) बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।<br>• आवश्यकता र औचित्यको आधारमा टाइम कार्ड प्रयोग गर्ने,<br>• सार्वजनिक यातायात सम्बन्धी समितिहरुको नियमित बैठक राख्ने, निर्णय कार्यान्वयन गर्ने, अनुगमन गर्ने ।<br>• कुनै पनि बहानामा राजमार्ग/सडक अवरोध हुन नदिने<br>• सवारी दुर्घटना जोखिम न्यूनीकरणका लागि जिल्लामा भईरहेका समग्र कार्यको अनुगमन गर्ने ।<br>• सवारी भाडादर निर्धारण गर्ने । कार्यान्वयनको अनुगमन गर्ने ।<br>• सवारी दुर्घटनामा पश्चात विमा तथा क्षतिपूर्ति उपलब्ध गराउँने नाममा कानूनले तोके भन्दा बढि उपलब्ध गराउन दवाव, वार्ता तथा सहमति नगर्ने । पिडितलाई विमा वापतको रकम छिटो उपलब्ध गराउँन पहल गर्ने । | प्रमुख जिल्ला अधिकारी | गृह मन्त्रालय |
| २ | • सवारी दुर्घटना जोखिम न्यूनीकरणका लागि बृहत सचेतना अभियान सञ्चालन गर्ने ।<br>• यातायात व्यवसायी संघ संस्था कम्पनीका सवारी चालक सहचालकहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।<br>• सवारी साधनको रूटपर्मिट, सवारी साधनको प्राविधिक चेकजाँच भए/नभएको तथा सवारी साधनको अवस्था, सवारी चालकको लाइसेन्स, यात्रु संख्या, सवारी साधन सम्बन्धी कागजात लगायतको विषयमा नियमित/आकस्मिक रुपमा चेकजाँच तथा अनुगमन गर्ने, कानून बमोजिम कारवाही गर्ने ।<br>• यातायातको चाप/दुर्घटनाको जोखिम, सडकको स्तर समेतको | नेपाल प्रहरी | प्रहरी प्रधान कार्यालय /उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | आधारमा आवश्यक संख्यामा ट्राफिक प्रहरी परिचालन गर्ने ।<br>• सार्वजनिक सवारी साधनमा सिट क्षमता भन्दा बढी यात्रु राख्न नदिने । यात्रुवाहक सवारी साधनमा मालसामान ढुवानी गर्न नदिने ।<br>• सडक किनारामा हुने अनधिकृत पार्किङ हटाउने<br>• मापदण्ड विपरित बनेका, रुट परमिट प्राप्त नभएका सडकमा सार्वजनिक सवारी आवागमन नियन्त्रण गर्ने ।<br>• सडक क्षेत्र ओगटेर सवारी साधन राख्न नदिने, सडकमा जथावाभी निर्माण सामाग्री, फोहरमैला लगायत सामाग्री राख्न नदिने, सडकको किनारा मै आवागमनमा बाधा पुग्ने गरी कारखाना तथा वर्कशप सञ्चालन गर्न नदिने, भैरहेका वर्कशपलाई क्रमश उपयुक्त स्थानमा स्थानान्तरण गर्ने/ गराउने ।<br>• ट्राफिक प्रहरीलाई Digital ब्रेथलाइजरको व्यवस्था गर्ने । | | |
| ३ | • सडक दुर्घटना संभावित क्षेत्रहरुमा सडक बत्ति, ट्राफिक संकेत चिन्ह, सडक मर्मत सम्भार, सडक घुम्तीमा आवश्यक सडक चौडाई लगायतका व्यवस्था गर्ने ।<br>• साँघुरो घुम्ती तथा भिर भएको बाटोमा दुर्घटना हुनसक्ने जोखिमयुक्त सडक खण्डमा रेलिङ वा छेकवार लगाउने<br>• सवारी दुर्घटना जोखिमको आधारमा सडकमा आवश्यक संख्यामा ट्राफिक संकेत चिन्ह राख्ने<br>• सडकमा जेब्राक्रसको व्यवस्था गर्ने<br>• आवश्यकताको पहिचानको आधारमा बाईपास सडक बनाउने ।<br>• सडक सर्वे नभएका तथा मापदण्ड विपरितका नयाँ सडक बनाउन बन्द गरी भइरहेका सडकको स्तरोन्नती गर्ने ।<br>• बिग्रे भत्केका सडक तत्काल मर्मतको व्यवस्था गर्ने ।<br>• जेब्रा क्रस र सडक मार्किङ छुट्याउने चिन्हलाई समय समयमा पेन्टिङ गरी स्पष्ट देखिने गरी राख्ने ।<br>• राजमार्गको निश्चित दुरीमा Rescue Equipment को व्यवस्था गर्ने<br>• सडक ऐन/नियममा सामयिक सुधार गर्ने<br>• दृष्टिविहिन लगायत अपांगमैत्री सडक पुर्वाधार निर्माण गर्ने ।<br>• आवश्यकता अनुसार ट्राफिक आइलेण्ड बनाउने ।<br>• दुर्घटनाग्रस्त स्थानहरूको पहिचान गरी सवारी दुर्घटना जोखिम | सडक विभाग/सम्बन्धित स्थानीय तह | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | नियन्त्रण गर्ने उपाय अवलम्बन गर्ने । | | |
| ४ | • यातायात व्यवसायी संघ/संस्था/कम्पनीको सहकार्यमा चालक/सहचालकहरुलाई नियमित अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।<br>• ट्राफिक चेकजाँचको लागि ब्रेथलाइजर लगायत आवश्यक यन्त्र/उपकरण उपलब्ध गराउने ।<br>• मापदण्ड विपरीत बनेका सडकमा सार्वजनिक सवारी यातायात सञ्चालनको लागि अनुमति नदिने ।<br>• प्रचलित ट्राफिक ऐन/कानून उलंघन गरेमा हुने जरिवाना दरमा बृद्दि गर्ने ।<br>• लाइसेन्सको चेकजाँच,लाइसेन्स लिने प्रक्रिया र वितरणमा थप कडाई गर्ने ।<br>• जरिवाना तिराउँदा बैकल्पिक माध्यम प्रयोग गर्न सकिने व्यवस्था गर्ने ।<br>• लामो दुरीमा अनुभवी चालकको व्यवस्था गर्ने । रात्री बसमा अनिबार्य रुपमा दुई जना चालक राख्ने<br>• पुराना गाडीलाई क्रमश विस्थापित गर्ने ।<br>• ड्राइभिङ्ग इन्स्टिच्युटबाट गरिने सिकाई क्रियाकलापलाई मूल सडकमा गर्न रोक लगाउने ।<br>• साँघुरा सडकहरुमा ठूला तथा लामा गाडीहरु सञ्चालन गर्न नदिने ।<br>• रूट पर्मिट वितरण प्रणालीमा सुधार गर्ने<br>• यात्रुवाहक सवारी साधनमा CCTV को व्यवस्था गर्ने<br>• यातायात ऐन/नियम/निर्देशिकामा सामयिक सुधार गर्ने<br>• GPS सहितको Vehicle Tracking System लागू गर्ने<br>• सवारी साधन यात्रु र तेश्रो पक्ष समेतको बीमा गर्ने/गराउँने तथा सो को प्रभावकारी अनुगमन गर्ने ।<br>• यातायात सम्बन्धि सेवालाई क्रमश अनलाईन गर्ने । इ-टिकेटिङ व्यवस्था गर्ने । | यातायात व्यवस्था विभाग/नेपाल प्रहरी | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ५ | • सवारी दुर्घटना जोखिम बढाउने सडकको दाँयाबाँया राखिएका विज्ञापन सम्वन्धी अनावश्यक होर्डिङ वोर्ड हटाउने<br>• सडक बत्तीको व्यवस्था गर्ने ।<br>• सडक सर्वे नभएका, मापदण्ड विपरितका तथा विपद जोखिमयुक्त सडक निर्माण नगर्ने तथा भइरहेका सडकको स्तरोन्नती गर्ने ।<br>• बिग्रे भत्केका क्षतिग्रस्त सडक मर्मतको व्यवस्था गर्ने ।<br>• सवारी दुर्घटना जोखिम बढ्ने गरी सडक किनारामा निर्माण सामग्री तथा फोहोरमैला फाल्न निषेध गर्ने ।<br>• छाडा पशु चौपायको नियन्त्रण गर्ने । आवश्यक सख्यामा काञ्जिहाउस निर्माण गर्ने ।<br>• राजमार्ग तथा सडकको संवेदनशील क्षेत्रमा CCTV जडान गर्ने ।<br>• सडकमा मानसिक सन्तुलन गुमाएका तथा सडक बाबालिकाहरूको हिँडडुल नियन्त्रण गरी उचितस्थानमा व्यवस्थापन गर्ने<br>• ठूला भवनहरूको नक्सा पास गर्दा पार्किङ व्यवस्था गर्न लगाउने । ठूला होटल, सपिङमल जस्ता ठूला व्यापारिक कम्प्लेक्स सञ्चालन गर्न स्वीकृति दिंदा पार्किङ स्थलको व्यवस्था भए/नभएको हेरी स्वीकृति दिने | सम्बन्धित स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |